रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिृत)
०४८-४०००१२ (प्रशासन)

प.सं.: ०८०।०८१
च.नं.: ११२१

मिति: २०८०/११/२० गते
ने.स. ११४४ सिल्लागा, ८ आइतबार

श्री वडा कार्यालय सबै,
रामेछाप नगरपालिका, रामेछाप ।

**विषय: सूचना पठाईएको बारे ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ मन्थली रामेछापको चलानी नं. १४५ मिति २०८०/११/१६ गतेको प्राप्त पत्रानुसार तहाँ कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत **"कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रमका लागि अनुदान कार्यक्रम"** सम्बन्धित प्रस्ताव आव्हानको सूचना र **"कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०"** २ थान यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी सो कार्यक्रम सम्बन्धी १८ देखि ५० वर्ष उमेर समुहभित्रका कृषक, कृषि उद्यमी/फर्महरुलाई जानकारी गराईदिनुहुन अनुरोध छ। साथै सूचना प्रकाशित मितिले ३० (तिस) दिन अर्थात मिति २०८०/१२/१४ गते कार्यालय समय भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ मन्थली, रामेछापमा अनुसुची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन अनुरोध ।

२०८०/११/२०
कृष्ण बहादुर भुजेल
अधिकृत (छैठौं)
कृष्ण बहादुर भुजेल
बाली संरक्षण अधिकृत (छैठौं)



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ

०४८-५४०५६२
pmamp.piu.ramechhap@gmail.com
web:-piuramechhap.pmamp.gov.np


प.सं.:-२०८०/८१
सुचना नं.:-२४

सूचना प्रकाशन मिति: २०८०/११/१६
११४४ सिल्लागा, ४ बुधबार

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रामेछापको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम" संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) औं दिन भित्र अर्थात् (मिति २०८०/१२/१४ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | रामेछाप र दोलखा जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैयाँ सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप वढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

**निवेदन साथ संलग्न कागजातहरु**

(१)कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२)निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(८) सम्वन्धित स्थानीय तहको कृषि/पशु शाखाको सिफारीस पत्र ।

नोटः प्रस्ताव पेश गर्दा बाली/पशु वस्तुको मूल्य श्रृंखलाका क्षेत्रमा उत्पादन, प्रशोधन वा बजारीकरणसंग सम्बन्धीत क्रियाकलापहरु अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ ।

द्रष्टव्यः कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० तथा निर्दिष्ट गरिएका आवेदन तथा प्रस्तावनाका नमुनाहरु यस कार्यालयको वेभसाईटः www.piuramechhap.pmamp.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।

CamScanner

अनुसूचि-२

(परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रममा सहभागी हुनका लागि आवेदन फाराम

मितिः२०८०/    /

श्रीमान् प्रमुख ज्यू
परियोजना कार्यान्वयन एकाइ, रामेछाप।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८०/११/१५ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि** आवश्यक कागजात सहित म/हामी ..........................................................................................कृषि उद्यमी/युवा/फर्म संचालक ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक
नाम, थर:
ठेगाना:
सम्पर्क नं.:

**निवेदन साथ संलग्न कागजातहरु**

१. उद्यमीको व्यक्तिगत विवरण खुल्ने कागजात (नेपाली नागरिकताको प्रतिलिपि)।
२. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
३. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
४. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त प्यान नं. भएको परिचयपत्रको प्रतिलिपि।
५. सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

CamScanner

## अनुसूचि-३

**(परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)**

**लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम संचालन गर्ने ठेगाना : ...........जिल्ला : ................... न.पा./गा.पा........वडा नं.............टोल

३. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम संचालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी अनुभव :....... वर्ष

६. प्रस्तावित कार्यक्रम संचालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसंग उपलब्ध श्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा

हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या:

वार्षिक उत्पादन परिमाणः .......... वार्षिक आम्दानी :.............

हाल संचालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम संचालन पश्चातको अनुमानित उत्पादकत्वः ................ वार्षिक आम्दानी :.............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:

CamScanner

१३.कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप | इकाई | परिणाम | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्वाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरणसमेत राख्नुपर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नुपर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल बीउ, स-साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिंचाईको व्यवस्था छ/छैन...... छ भने सिंचाईको किसिम................

१५. कार्यक्रम संचालन हुने स्थल सडकसंग जोडिएको छ/छैन..... छ भने सडकको किसिम............

१६. कार्यक्रम संचालन स्थलमा विद्युतको व्यवस्था छ/छैन........... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष ........ अप्रत्यक्ष.............

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्यः

CamScanner

(ख) कार्यक्रम संचालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
दस्तखत :
नाम :
पद :
फोन नं.:
मिति :

साक्षी
दस्तखत :
नाम :
पद :
फोन नं.:
मिति :

छाप :...................

CamScanner